# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं:२०८२/८३ (शैक्षिक प्रशासन महाशाखा)
च.नं: ४५२०

Email: bmceducationsection@gmail.com
मिति:२०८३।०१।२५

श्री संस्थागत विद्यालयहरू सबै,
भरतपुर महानगरपालिका, चितवन।

**विषयः छात्रवृत्ति वितरण गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ को दफा (२७) तथा अनिवार्य तथा नि:शुल्क शिक्षा नियमावली, २०७७ को नियम (११) बमोजिम भरतपुर महानगरपालिका भित्र सञ्चालित शिक्षण संस्थाहरूद्वारा प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरूको पहिचान, छनौट र वितरणमा कानुन बमोजिम निर्धारित लक्षित वर्गका विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नका लागि छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ ले देहाय बमोजिमका व्यवस्था गरेकोले तपसिल बमोजिम कार्यान्वयन गर्नुहुन अनुरोध छ।

**तपसिल:**

१. छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरूको पहिचान, छनौट र वितरणको लागि कार्यविधिको दफा ८ बमोजिम देहायको विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्ने-

| | |
|---|---|
| संयोजक | विद्यालय व्यवस्थापन समितिको अध्यक्ष |
| सदस्य | शिक्षक अभिभावक संघको अध्यक्ष |
| सदस्य | सम्बन्धित वडा शिक्षा समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य |
| सदस्य | अधिकृत प्रतिनिधि, शैक्षिक प्रशासन महाशाखा |
| सदस्य सचिव | विद्यालयको प्रधानाध्यापक |

२. हाल कक्षा १० सम्मको शैक्षिक सत्र सुरू भई विद्यार्थी भर्ना समेत सम्पन्न भैसकेको सन्दर्भमा तत्काल सबै संस्थागत विद्यालयहरूले कक्षा १० सम्म भर्ना भएका जम्मा विद्यार्थी संख्या IEMIS मा अध्यावधिक गरी अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ को दफा (२७) बमोजिम वितरण गरिने छात्रवृत्ति बालविकास कक्षा देखि कक्षा १० सम्म अध्ययनरत जम्मा विद्यार्थी सङ्ख्या (कक्षा ११ र १२ को शैक्षिक सत्र श्रावणमा सुरू हुने भएकोले सोही अनुसार पछि हुने) को आधारमा ५०० जनासम्म विद्यार्थी भए १० प्रतिशत, ८०० जनासम्म विद्यार्थी भए १२ प्रतिशत र सोभन्दा बढी विद्यार्थी सङ्ख्या भए १५ प्रतिशतले हुन आउने सङ्ख्या छात्रवृत्ति व्यवस्थापन कार्यविधिको दफा १९ को उपदफा (१) बमोजिम सोही कार्यविधिको अनुसूची-१ को ढाँचामा विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिको बैठकको निर्णयबाट देहाय अनुसार छात्रवृत्ति वितरण गरिने कोटा सङ्ख्या खुलाई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौटको प्रक्रिया सहित छात्रवृत्ति आवेदनको लागि कम्तिमा १५ दिने सूचना विद्यालयको वेवसाइट, सामाजिक सञ्जाल र अभिभावक वा विद्यार्थी समावेश गरी सञ्चालनमा रहेको म्यासेन्जर, ह्वाट्सएप ग्रुप वा एस.एम.एस तथा पत्र समेतका माध्यमबाट प्रकाशित गरी आवेदन संकलन गर्ने। कुनै विद्यालयले यस पूर्व नै सूचना प्रकाशित गरी निवेदन संकलन गरिसकेको भए सो निवदेनलाई यसै बमोजिम भएको मानी कम्तिमा १५ दिनको सूचना पुन: प्रकाशित गरी आवेदन संकलन गरी समावेस गर्ने।

| क्र.सं. | वर्गीकृत समूह | जम्मा विद्यार्थी संख्या | कायम हुने छात्रवृत्ति कोटा संख्या (कार्यविधि अनुसार) | भार |
|---|---|---|---|---|
| १ | जेहेन्दार | | ................ | ३७ प्रतिशत |
| २ | गरिब तथा विपन्न | | ................ | ३७ प्रतिशत |

२०८३।१।२६

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल


प.सं:२०८२/८३ (शैक्षिक प्रशासन महाशाखा)
च.नं: ५५२० 
Email: bmceducationsection@gmail.com

| | | | | |
|---|---|---|---|---|
| ३ | आदिवासी जनजाति | | ................ | १२ प्रतिशत |
| ४ | अल्प सङ्ख्यक / अति सीमान्तकृत र लोपोन्मुख जनजाति | | ................ | २ प्रतिशत |
| ५ | दलित | | ................ | ६ प्रतिशत |
| ६ | अपाङ्ग | | ................ | ३ प्रतिशत |
| ७ | शहिद / बेपत्ताका सन्तति / सशस्त्र द्वन्द्व र जनआन्दोलनका घाइतेका सन्तति | | ................ | ३ प्रतिशत |
| जम्मा संख्या | | | ................ | १०० प्रतिशत |

३. पेश भएका आवेदनहरू छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची-२ को ढाँचामा विद्यालयमा रहेको दर्ता किताबमा विद्यालय प्रशासनले दर्ता गरी विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिमा पेश गर्ने र निवेदकको विवरण विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिको बैठकको निर्णयानुसार सार्वजनिक गरी दाबी विरोधको अवसर प्रदान गर्ने।

४. छात्रवृत्ति व्यवस्थापन समितिले छनौट गरी छात्रवृत्ति प्रदान गरिएका छात्रछात्राहरूको अन्तिम नामावली छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची-३ बमोजिमको ढाँचामा विद्यालयको वेबसाइट र सामाजिक सञ्जालमा समेत प्रकाशित गर्ने।

५. छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ मा छात्रवृत्ति आंशिक रुपमा वितरण गर्न नपाइने उल्लिखित भएको हुँदा छात्रवृत्ति आंशिक रुपमा वितरण गर्न पाइने छैन।

६. छात्रवृत्ति छनौट भएका विद्यार्थीहरूलाई भर्ना शुल्क र मासिक पढाइ शुल्क पूर्णतः निःशुल्क गर्ने। छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीलाई विद्यालयले छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची-५ बमोजिमको ढाँचामा पत्र दिने। यस पूर्व नयाँ विद्यार्थी भर्ना हुँदा लिइएको भर्ना शुल्क अनिवार्य रुपमा फिर्ता गर्ने।

७. शैक्षिक सत्र शुरु भएको दुई महिना भित्र अर्थात २०८३ असार १५ गते भित्र वितरण भएको छात्रवृत्तिको विवरण छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची-३ बमोजिमको ढाँचामा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको नामनामेसी सहितको विवरण शैक्षिक प्रशासन महाशाखा र सम्बन्धित वडा कार्यालयमा अनिवार्य रुपमा पेश गर्ने।

८. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण IEMIS मा मिति २०८३।०३।१५ गते भित्र अनिवार्य रुपमा अद्यावधिक गर्ने।

.....................
सुवासचन्द्र अधिकारी
उपसचिव

बोधार्थ:
श्री वडा कार्यालयहरु सबै, भरतपुर महानगरपालिका, अनुगमन गर्नु हुन।
श्री सम्बन्धित क्षेत्रका विद्यालय निरीक्षकहरु, भरतपुर महानगरपालिका, कार्यन्वयन गर्नु हुन।
श्री सूचना तथा सञ्चार प्रविधि शाखा, भरतपुर महानगरपालिका, वेवसाइटमा अपलोड गरिदिनुहुन।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)